# स्थानीय राजपत्र

# निसीखोला गाउँपालिका द्वारा प्रकाशित

खण्ड : २ संख्या २८ मिति : २०७९पौष ३० गते

## भाग :

## निसीखोला गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चाल कार्यविधि २०७९

**प्रस्तावना :** गाउँपालिका बाट संचालित हुने विकास योजना तथा कार्यक्रम सेवा प्रदायक संस्था वाट प्रवाह हुने सेवाका प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा को उपादफा मा भएको व्यवस्था वमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याउन वाञ्छनीय भएकोले निसीखोला गाउँपालिका गाउँकार्यपालिका ले देहायको कार्यविधि बनाइ लागु गरेको छ ।

# परिच्छेद १

# प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम निसीखोला गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधि २०७८ रहेको छ ।

(२) यो कार्यविधि निसीखोला गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुने छ र

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) अध्यक्ष भन्नले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) उपाध्यक्ष भन्नले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) अनुगमन भन्नाले नीति ,योजना ,कार्यक्रम , आयोजनाहरुमा लगानी तथा साधनको प्रवाह उचित ढंगले भए , नभएको वा अपेक्षित नतिजा हासिल भए ,नभएको सम्बन्धमा यस कार्यविधि बमोजिम गरिने निरन्तर वा आवधिक रुपमा गरिने निगरानी , सूचना संकलन ,विष्लेषण तथा सुधारात्मक कार्य सम्झनु पर्छ ।

(घ) कार्यक्रम भन्नले गाउँपालिका वाट संचालन हुने कार्यक्रम सम्झनु पर्छ र सो शब्दले गाउँपालिका क्षेत्र भित्र गैर सरकारी संस्था एवं सामुदायीक संथावाट संचालित कार्यक्रम एवं सेवा प्रदायक शैक्षिक संस्था र स्वास्थ्य संस्था वाट उपलव्ध हुने कार्यक्रम लाई समेत जनाउँछ ।

(ङ) कार्यपालिका भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(च) नागरिक समाज भन्नाले गागउँपालिका क्षेत्रभित्र नागरीक समाजको रुपमा दर्ता भएका वा नभका नागरिक अधिकारका लागि कृयाशिल संस्था वा व्यक्ति सम्झनु पर्छ ।

(छ) प्रतिवेदन भन्नाले यस कार्यविधि बमोजिम तयार गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यको नतिजा समावेश गरिएको दस्तावेज सम्झनु पर्छ ।

(ज) योजना भन्नाले गाउँपालिका वाट संचालन हुने विकास निर्माण कार्य सम्झनु पर्छ र सो शब्दले गाउँपालिका क्षेत्र भित्र गैर सरकारी संस्था एर्व सामुदायीक संस्थावाट संचालित विकास निर्माण  कार्य समेतलाई जानउँछ ।

(झ) समिति भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पर्छ ।

(ञ) सुपरिवेक्षण भन्नाले अपेक्षित नतिजा हासिल गर्न यस कार्यविधि  बमोजिम समिति वा सो कामको निमित्त जिम्मेवार कर्मचारी वा पदाधिकारी वाट गरिने स्थलगत निरिक्षण वा चेकजाँच वा रेखदेख सम्बन्धि कार्य सम्झनु पर्छ ।

(ट) संयोजक भन्नाले समितिको संयोजक सम्झनु पर्छ ।

## परिच्छेद २

## समितिको गठन तथा काम ,कर्तव्य र अधिकार

**३. <u>अनुगमन तथा सुपरिवेक्षक समिति</u> :** (१) योजना तथा कार्यक्रमको लागत ,परिमाण ,समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरि पृष्ठपोषण दिनका लागि देहाय बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समिति रहने छ :

(क) गाउँपालिकाको उपाध्यक्ष — संयोजक

(ख) कार्यपालिकाले तोकेको एक जना महिला सहित कार्यपालिका सदस्य मध्ये वाट दुइ जना — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) प्राविधिक अधिकृत प्रतिनिधि — सदस्य

(ङ ) प्रमुख योजना शाखा — सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवस्यकता अनुसार नागरीक समाजका प्रतिनिधि ,संचार कर्मी र सम्वन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

(३) समितिले आफ्नो कामलाई छिटोछरितो र प्रभावकारी बनाउन कार्यपालिका वाट समितिमा प्रतिनिधित्व गर्ने सदस्यबाट संयोजक रहने गरी विषयगत रुपमा अनुगमन टोलि गठन गरी जिम्मेवारी तोक्न सक्ने छ ।

(४) यस दफा बमोजिम स्थलगत अनुगमन गर्दा सम्वन्धित योजना तथा कार्यक्रम कार्यान्वयन वा सुपरिवेक्षणमा संलग्न कर्मचारीलाई आवस्यकता अनुसार सहभागी गराउन सक्ने छ ।

४. समितिको काम ,कर्तव्य र अधिकार : (१) योजना तथा कार्यक्रम वाट अपेक्षा गरिएको नतिजा प्राप्तिका लागि सहजिकरण गर्ने अनुगमन तथा सेपरिवेक्षण समितिको प्रमुख जिम्मेवारी हुने छ ।

(२) उपदफा (१) मा उल्लिखित कामका अतिरिक्त समितिका अन्य काम ,कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) गाउँपालिका तथा वार्डहरु बाट संचालित योजना तथा कार्यक्रम अनुगमनका लागि वार्षिक कार्यतालिका तयार गरी कार्यपालिकालाई जानकारी दिने ,

(ख) कार्यतालिका अनुसार नियमित र आवस्यकता अनुसार आकस्मिक अनुगमन तथा निरीक्षण गर्ने ,

(ग) अनुगमन तथा सुपरिवेक्षण  कार्यलाई प्रभावकारी बनाउन आवस्यकता अनुसार समितिका कृयाकलापहरुमा विज्ञलाई संलग्न गराउने ,

(घ) अनुगमन सम्पन्न भएको सात दिन भित्र सोको प्रतिवेदन गाउँपालिकामा पेश गरी वढिमा एक महिना भित्र मासिक प्रतिवेदन छलफलका लागि कार्यपालिकामा पेश गर्ने गराउने ,

(ङ) अनुगमनका क्रममा देखिएका विषयमा सुधारका लागि सम्बन्धित प्राविधि तथा सम्बद्ध उपभोक्ता समिति परामर्शदाता एवं निर्माण व्यवसायी, सेवा प्रदायक  सामुदायीक संघ संस्थालाई निर्देशन दिने ,

(च) योजना तथा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा  देखा परेका विवाद वा समस्याहरुको समाधानका लागि आवस्यक समन्वय र सहजीकरण गर्ने ,

.(छ) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणको क्रममा कुनै हिनामिना ,अनियमितता वा तोकिएको गुणस्तर र परिमाण नभएको व्यहोरा यकिन हुन आएमा आवस्यक कारवाहीको लागि रायसहित कार्यपालिकामा पेश गर्ने ,

(ज) अनुगमन कार्यको वार्षिक प्रतिवेदन तयार गरि आर्थिक वर्षको अन्तिममा कार्यपालिकामा पेश गर्ने ।

(झ) समितिको वार्षिक प्रतिवेदन प्रत्येक वर्षको महिना भित्र कार्यालयको वेवसाइट र अन्य उपयुक्त माध्यायम वाट सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

## परिच्छेद ३

## अनुगमन तथा सुपरिवेक्षण सम्वन्धि व्यवस्था

५. <u>योजना तथा कार्यक्रमको वर्गिकरण</u> : (१) अनुगमन तथा सुपरिवेक्षणका लागि योजना तथा कार्यक्रमलाई विषयगत क्षेत्रका आधारमा देहाय वमोजिम वर्गीकरण गरिने छ :

(क) पूर्वाधार विकास योजना ,

(ख) चेतनामूलका ,क्षमता अभिवृद्धि र सीप विकास सम्वन्धी कार्यक्रम ,

(ग) स्वरोजगार तथा उत्पादनमुलक र उद्यमशीलता प्रवर्द्धन गर्नृ कार्यक्रम ,

(घ) सेवा प्रदान सामाजिक क्षेत्र (शिक्षा , स्वास्थ्य ,) कार्यक्रम

(२) उपदफन (१) बमोजिम गरिएको वर्गीकरण एवं योजना तथा कार्यक्रममा गरिने लगानी समेतका समितिले अनुगमनको प्राथमिक्ता निर्धारण गर्न सक्ने छ ,

(३) उपदफा (१) बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षणको लागि वेग्लावेग्लै ढाँचा र विधिको प्रयोग गर्न सकिनि छ ।

६. अनुगमन गर्दा ध्यान दिनुपर्ने : अनुगमन तथा सुपरिवेक्षण समितिले यस कार्यविधि बमोजिम योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्ने छ :

(क) कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्ने ,

(ख) कामको तोकिएको परिमाण ,लागत र गुणस्तर कायम गराउने ,

(ग) योजना वा कार्यक्रमको डिजाइन ,लागत र गुणस्तर कायम गराउने ,

(ग) योजना वा कार्यक्रमको डिजाइन वा कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनवाट रोक्ने ,

(घ) अनुगमन तथा सुपरिवेक्षण कार्यलाई पारदर्शी र सहभागितमुलक वनाई नागरिकमा गाउँपालिकाले गर्ने विकास निर्माण कार्यप्रति सकारात्मक भावनाको विकास गराउने ,

७. (१) समितिले गाउँपालिका बाट संचालित एवं गाउँ क्षेत्र भित्र गैर सरकारी संस्था, सामुदायीक संघ संस्थावाट संचालित योजना तथा कार्यक्रमहरुको अनुगमन गर्ने छ ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा सुपरिवेक्षण गर्दा समितिले देहायका मध्ये आवस्यक्ता अनुसार कुनै वा सवै विधिको प्रयोग गर्न सक्ने छ :

(क) कार्यान्वयनमा संलग्न व्यक्ति समुह वा निकाय बाट नियमित प्रतिवेदन लिने ,

(ख) स्थलगत अवलोकन गर्ने ,

(ग) लाभान्वित वर्ग तथा सरोकारवालाहरु संग छलफल गर्ने ।

(घ) नागरीक समाजका संस्था तथा आमसंचारका माध्यम परिचालन गर्ने ,

(ङ) सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई आयोजना गर्ने ,

(च) योजनाको प्राविधिक परिक्षण गर्ने

((छ) सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा समितिले उपयुक्त ठहर गरेका अन्य विधिहरु ,

(३) उपदफा (२) मा उल्लिखित विधिका अतिरिक्त कुनै योजना वा कार्यक्रमको सम्बन्धमा अन्य तरिकावाट पृष्ठपोषण ,प्रतिक्रिया वा सुझाव प्राप्त भएको अवस्थामा समितिले त्यस्तो विषयको अभिलख राखि तथ्यगत विष्लेणको आधारमा आवश्यक कारवाही अघि बढाउन सक्ने छ ।

**८. वडास्तरीय अनुगमन समिति :** (१) वडास्तरमा संचालन गरिने योजनाको लागत , परिमाण ,समय र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवस्यक पृष्ठपोषण दिनका लागि देहाय बमोजिमको वडास्तरीय अनुगमन समिति रहने छ :

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| (ख) वडा समितिका सदस्यहरु | सदस्य |
| (ग) वडा सचिव | सदस्य सचिव |

(२) वडास्तरीय अनुगमन समितिले आवस्यकता अनुसार सम्बन्धित योजना हेर्ने प्राविधक कर्मचारी तथा योजना योजना हेर्ने कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(३) वडास्तरीय अनुगमन समितिले अनुगमनको क्रममा देखिएका विषयका सम्बन्धमा समितिलाई नियमितरुपमा जानकारी गराउनु पर्ने छ ।

**९. उपभोक्ता समिति बाट अनुगमन गर्ने :** (१) तोकिएको गुणस्तर तथा परिमाण कायम गरी निधारित समयमा योजना सम्पन्न गर्न उपभोक्ताहरुको भेला वाट कम्तीमा एक जना महिला सहित वढीमा पाँच सदस्यीय अनुगमन समिति गठन गर्नुपर्ने छ ।

(२) उपलफा (१) बमोजिमको अनुगमन समिति गठन गर्ने कार्य उपभोक्ता समिति गठन गर्दा नै गर्नुपर्ने छ ।

(३) यस दफा बमोजिम गठित अनुगमन समितिको काम ,कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

(क) योजनाको कार्यान्वयनमा देखिएका वाधा , व्यवधान र समस्य समाधानका लागि आवश्यक सहजीकरण गर्ने ,

(ख) योजना कार्यान्वयन तोकिएको परिमाण ,गुणस्तर र कार्यतालिका अनुसार भए नभएको एकीन गर्ने र नभएको अवस्थामा सम्वन्धित पक्षलाई सचेत गराउने ,

(ग) समिति र वडास्तरीय अनुगमन समिति वाट गरिने अनुगमन तथा सुपरिवेक्षणमा आवश्यक समन्वय र सहजीकरण गर्ने ,

(घ) योजनाको सफल कार्यान्वयनका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

(४) उपभोक्ता समितिले योजनाको अन्तिम भुक्तानी माग गर्दा यस दफा बमोजिमको अनुगमन समितिको प्रतिवेदन संलग्न गर्नुपर्ने छ ।

**१०. अनुगमन तालिका तयार गर्नुपर्ने :** (१) समितिले योजना कार्यान्वय तालिका अनुरुप हुने गरी वार्षिक अनुगमन तालिका तयार गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम तयार भएको तालिकालाई समिति वाट निर्णय गराइ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ,

(३) उफदफा (२) बमोजिम पेश हुन आएको तालिका उपर आवस्यक छलफल गरी कार्यपालिकाले आवस्यक पृष्ठपोषण दिन सक्नेछ ।

(४) यस दफा बमोजिम तयार भएको अनुगमन तालिका सम्वन्धित उपभोक्ता समिति ,निर्माण व्यवसायी, आपूर्तिकर्ता , सेवा प्रदायक, सम्वन्धित वडा समिति र सुपरिवेक्षको लागि तोकिएको कर्मचारीलाई अग्रिम रुपमा उपलव्ध गराउनु पर्ने छ ।

**११. अनुगमन कार्यको लागि स्रोतको प्रबन्ध :** (१) अनुगमन कार्यतालिका बमोजिम समितिको  कार्य जिम्मेवारी पुरा गर्न आवस्यक पर्ने स्रोत साधनको प्रवन्ध कार्यपालिकाले वार्षिक वजेट तथा कार्यक्रममा समावेश गरी गर्नुपर्ने छ। साथै वार्ड समितिका लागि वार्ड कार्यालय समेत व्यवस्था गनुपर्ने छ।

(२) स्वीकृत वार्षिक वजेटका आधारमा अनुगमन तथा सुपरिवेक्षण्को लागि आवस्यक स्रोत साधनको व्यवस्थापन गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

(३) अनुगमन तथा सुपरिवेक्षण कार्यमा संलग्न रहने समितिका पदाधिकारीको भत्ता तथा अन्य सुविधा सम्वन्धि व्यवस्था प्रचलित प्रदेश कानुन, संघीय कानुनको अधिनमा रहि कार्यपालिकाले तोके वमोजिम हुनेछ।

**१२.पूर्वाधार विकास योजनाको अनुगमन :** (१) समितिले पूर्वाधार विकास सम्बन्धि योजनाको प्रकृति र आकार हेरी सम्भव भएसम्म निर्माण कार्य प्रारम्भ हुनुपूर्व,निर्माणधीन अवस्था र निर्माण सम्पन्न भएपछि गरी तीन चरणमा अनुगमन गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम बमोजिम निर्माण कार्य प्रारम्भ हुनु अघि गरिने अनुगमन देहायका विषयमा केन्द्रित रहि अनुसूचि १ बमोजिम को ढाँचामा गर्नुपर्ने छ।

(क) योजनाको स्वीकृत लागत र लागत व्यहोर्ने स्रोत ,

(ख) योजना कार्यान्वयन गरिने स्थान ,

(ग) लाभग्राही समुदायका सरोकारका विषयहरु ,

(घ) निर्माण गरिने संरचनाको किसिम ,आकार वा परिमाण ,डिजाइन ,गुणस्तर ,

(ङ) आवश्यक पर्ने निर्माण सामग्री तथा जनशक्तिको आपूर्ति स्रोतको गुणस्तर ,

(च)स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने संभावित परिवर्तन तथा जोखिम।

(३) समितिले पूर्वाधार योजनाको निर्माणधीन अवस्थामा देहायका विषयमा केन्द्रित रही अनुसूचि २ को ढाँचामा अनुगमन गर्नुपर्नेछ :

(क) योजना कार्यान्वयन तोकिएको गुणस्तर ,लागत र समय अनुरुप भए नभएको ,

(ख) योजना कार्यान्वयनमा देखिएका बाधा अवरोध ,

(ग) सम्झौताका शर्तको पालना ,

(घ) समितिले आवस्यक देखेका अन्य विषयमहरु।

(४) उपदफा (३) बमोजिमको अनुगमन गर्दा त्यस्तो योजना वा कार्यक्रम कम्तीमा २० प्रतिशत भन्दा बढी निर्माण कार्य सम्पन्न भैसकेको हुनु पर्ने छ ।

(५) समितिले पूर्वाधार योजनाको निर्माण कार्य सम्पन्न भएपछि देहायक विषयमा केन्द्रित रहि अनुसूचि ३ बमोजिमको ढाँचामा अनुगमन गर्नुपर्नेछ :

(क) योजना स्वीकृत डिजाइन अनुसार सम्पन्न भए नभएको ,

(ख) स्वीकृत लागत अनुमान अनुसार काम सम्पन्न भए नभएको ,

(ग) निर्माण कार्यको गुणस्तर र समय ,

(घ) डिजाइन वा लागत परिवर्तन भएको भए सोको औचित्य र स्वीकृत अवस्था ,

(ङ) योजना वाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएको ,

(च) योजनामा तोकिए बमोजिमको लागत सहभागिता र सम्झौताका शर्तको पालना भए नभएको ।

(५) योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपना ।

१३. चेतनामूलक ,क्षमता अभिवृद्धि र सीप विकास कार्यक्रमको अनुगमन :

समितिले चेतनामूलक ,क्षमता अभिवृद्धि र सीप विकास सम्बन्धि कार्यक्रमको प्रगति अनुगमन गर्दा कार्यक्रम लागत,सहभागिता ,समयावधि ,सिकाइका विषयवस्तु र लाभग्राहीको पृष्ठपोषण जस्ता विषय समावेश गरी अनुसूची ४ बमोजिमको ढाँचामा अनुगमन गर्नुपर्ने छ ।

**(१४) स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रमको अनुगमन :** समितिले स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रमको प्रगति अनुगमन गर्दा लाभग्राही समुदायले गाउँपालिका बाट प्राप्त ऋण वा अनुदानको मात्र ,प्रदान गरिएका यन्त्र औजार र उपकरण तथा प्राविधिक सहायताको प्रकृति ,प्राप्त सहायताको उपयोगको अवस्था , लाभग्राहीको संख्या ,सहभागितालाई उपलब्ध गराइएको सहयोगको प्रयाप्ता जस्ता विषयमा केन्द्रित रही अनुसूची ५ बमोजिमको ढाँचामा अनुगमन गर्नुपर्नेछ ।

**१५. अनुगमनको तयारी :** (१) सदस्य सचिवले समितिका पदाधिकारी लाई स्थलगत अनुगमनमा जानु अघि अनुगमन गरिने योजना तथा कार्यक्रम,जाने र फर्किने समय ,भ्रमणको सवारी साधन लगायतका विषयमा जानकारी दिनु पर्ने छ ।

(२) स्थलगत अनुगमन गर्दा समितिले योजना तथा कार्यक्रम संग सम्वन्धित लागत अनुमान ,सम्झौता जस्ता कागजातहरु तथा अनुगमन स्थलको जानकारी लिने तस्वीर खिच्नको लागि क्यामेरा लगायतका साधनको समेत सुनिश्चि गर्नुपर्ने छ ।

(३) सदस्य सचिवले अनुगमनको क्रममा योजना तथा कार्यक्रम कार्यान्वयनमा संलग्न उपभोक्ता समिति वा निर्माण व्यवसायी ,लाभग्राही समुह र सुपरिवेक्षणको लागि जिम्मेवारी तोकिएको कर्मचारीलाई अनुगमन स्थलमा उपस्थितिको लागि पूर्वसूचना गर्नुपर्ने छ ।

(४) समितिले स्थलगत अनुगमनको क्रममा गाउँपालिका वा वडाको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी रहेका वा दलसँग आवद्ध वा पदाधिकारीलाई समेत आवस्यकता अनुसार सम्लग्न गराइ पेष्ठपोष्ण प्राप्त गर्न सक्नेछ ।

## परिच्छेद ४

## प्रतिवेदन सम्वन्धि व्यवस्था

**१६.अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने :** (१) समितिले अनुगमन सम्पन्न भएपश्चात बैठक बसी छलफल गर्ने र सो छलफल तथा स्थलगत अनुगमन बाट संकलन गरिएका सूचना तथा विवरण समेतका आधारमा प्रतिवेदन तयार गरी अनुगमन सम्पन्न भएको मितिले ७ दिन भित्र गाउँपालिका कार्यालयमा समक्ष पेश गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अनुगमनको क्रममा सम्वन्धित योजना वा कार्यक्रमको अवस्था झल्किने गरी लिइएका तस्वीर समेत संलग्न गर्नु पर्नेछ ,

(३) यस दफा बमोजिमको अनुगमन प्रतिवेदन सदस्य सचिवले तयार गर्नुपर्नेछ ,

(४) यस दफा बमोजिम तयार भएको प्रतिवेदन समितिका संयोजक मार्फत छलफलको लागि कार्यपालिकाको वैठकमा प्रस्तुत गरिनेछ ।

(५) अनुगमन प्रतिवेदन वेगर समितिका पदाधिकारीलाई कुनै किसिमका भत्ता वा सुविधा उपलब्ध गराइने छैन ।

**१७. अनुगमन प्रतिवेदनमा समावेश गर्नुपर्ने विषय :** (१) अनुगमन समितिले दफा १६ बमोजिम तयार गरिने अनुगमन प्रतिवेदनमा देहायका विषयहरु समावेश गर्नुपर्ने छ :

(क) स्रोत साधनको प्राप्ति र प्रयोगका क्रममा स्वीकृत बजेट  र समय तालिका अनुसार भए नभएको,

(ख) अपेक्षित प्रतिफलहरु समयमै र लागत प्रभावकारी रुपमा हासिल भए नभएको ,

(ग) कार्यान्वयनकर्ताको कार्यदक्षता र तन्परता के कस्तो छ ,

(घ) कार्यान्वयनमा के कस्ता समस्या र बाधा व्यवधानहरु देखिएका छन र तिनको समाधानका निमित्त के कस्ता उपायहरु अवलम्बन गर्नु पर्छ।

(२) समितिले दफा २२ को उपदफा (२) बमोजिम वडास्तरीय अनुगमन समितिले पेश गरेको प्रतिवेदनमा उल्लेख भएका विषयलाइ समेत आफनो प्रतिवेदनमा समावेश गर्न सक्नेछ।

**१८. प्रतिवेदन उपरको कारवाही :** (१) समितिले दफा १६ बमोजिम पेश गरेको प्रतिवेदन उपर कार्यपालिकाको बैठकमा कम्तिमा दुइ महिनामा एक पटक छलफल गर्ने व्यवस्था मिलाउनु पर्ने छ।

(२) समितिको प्रतिवेदनको आधारमा कार्यापालिकाले योजना कार्यान्वयनमा देखिएका त्रुटीहरु सच्याउन तथा समय र गुणस्तर कार्यम गर्न उपभोक्ता समिति,निर्माण व्यवसायी, परामर्शदाता तथा समद्ध कर्मचारीलाई आवस्यक निर्देशन दिन सक्ने छ।

(३) उपदफा (२) बमोजिम कार्यपालिका वाट दिइएका निर्देशन पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

**१९. भुक्तानी गर्दा ध्यान दिनुपर्ने :** (१) कार्यालयले योजना वा कार्यक्रमको अन्तिम किस्ता भुक्तानी गर्दा गाउँपालिका स्तरीय अनुगमन समिति का साथ साथै वार्ड स्तरीय अनुगमन र उपभोक्ता समिति अन्तरगतको अनुगमन समितिले पेश गरेको अनुगमन प्रतिवेदन संलग्न गर्नुपर्ने छ।

(२) योजना वा कार्यक्रमको अन्तिम किस्ता भुक्तानी दिनु अघि अनुमगन प्रतिवेदनले औल्याएका गम्भीर प्रकृतिका विषयहरुमा आवस्यक सुधार गरेको व्यहोरा सम्वन्धित प्राविधिक तथा विज्ञ वाट सुनिश्चत गरिएको हुनु पर्नेछ।

## परिच्छेद ५

## विविध

**२०. अनुगमन गर्न सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिकाले गाउँपालिकामा संचालित योजना तथा कार्यक्रमको आवस्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्ने छ।

(२) समितिले वडास्तरीय अनुगमन समिति वाट दफा ८ बमोजिम अनुगमन गरिने योजना तथा कार्यक्रमको समेत आवस्यकता अनुसार अनुगमन गर्न सक्ने छ भने वार्ड स्तरीय अनुगमन समितिको प्रतिवेदन लाई आधार लिन सक्ने छ।

२१. जिम्मेवारी तोक्नुपर्ने : कार्यालयले यस कार्यविधि बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षण सम्वन्धी कार्यको समन्वय ,सहजीकरण ,कार्यान्वयन र अभिलेख व्यववस्थापन सम्बन्धि कार्यका लागि योजना शाखालाई जिम्मेवारी तोक्नु पर्ने छ।

२२. कार्यविधिको पालना गर्नुपर्ने : (१) वडास्तरीय अनुगमन समिति वाट गरिने अनुगमन समेत यस कार्यविधिमा भएका व्यवस्थालाई पालना गर्नुपर्नेछ।

(२) वडास्तरीय अनुगमन समितिले अनुगमन गरी तयार गरेको प्रतिवेदनको एक प्रति अनुगमन सम्पन्न भएको सात दिन भित्र समिति समक्ष पेश गर्नुपर्ने छ।

२३.चेकलिष्ट तयार गर्न सक्ने : समितिले योजना तथा कार्यक्रमको स्थलगत अनुगमन गर्दा यस कार्यविधिमा भएको व्यवस्था अनुरुप विवरण संकलनका लागि अलगै चेकलिष्ट तयार गरी लागु गर्न सक्नेछ।

२४. संशोधन वा हेरफेर : कार्यपालिकाले समिति संगको परामर्शमा यस कार्यविधीमा आवस्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

**२५. बाधा अड्काउ फुकाउ :** यस कार्यविधी कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ।

# अनुसूची १

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित )

## पूर्वाधार विकास सम्बन्धि योजनाको कार्य प्रारम्भ हुनु पूर्व गरिने अनुगमनमा प्रयोग गरिने ढाँचा

| क.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | अनुगमन गरिने योजनाको नाम : | |
| २ | योजना स्थल / ठेगाना | |

| | | |
|---|---|---|
| ३ | योजनाको स्वीकृत लागत अनुमान रु | |
| ४ | सम्झौता रकम रु | क.कुल सम्झौता रकम रु .<br>ख. जनसहभागिता / लागत सहभागिताको रकम रु . |
| ५ | बहुवर्षिय योजनाको हकमा | कुल लागत : ................चालु आ.व.को विनियोजन |
| ६ | योजना सम्झौता मिति : | |
| ७ | योजना शुरु तथा सम्पन्न हुने मिति : | शुरु हुने मिति ...........सम्पन्न हुने मिति : |
| ८ | लाभान्वित जनसंख्या | |
| ९ | कार्यान्वयन गर्ने निकायको नाम र सम्पर्क व्यक्ति र सम्पर्क नम्बर : | |
| १० | निर्माण गरिने संरचनाको किसिम आकार वा परिमाण | |
| ११ | संरचना निर्माण भए डिजाइन अनुसारको फाउण्डेशन भए नभएको | |
| १२ | आवश्यक पर्ने निर्माण सामग्री तथा जनशक्ति आपूर्तिको स्रोत र सोको गुणस्तर | |
| १३ | भौगोलिका एवं वातावरणीय जोखिम | |
| १४ | स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने संभावित परिवर्तन तथा जोखिम | |
| १५ | लाभग्राही समुदायको सरोकारको विषय ,धारण र सुझाव | |
| १६ | संलग्न प्राविधिकको धारण | |
| १७ | नागरीक समाज र राजनैतिक दलका प्रतिनिधिको धारण | |
| १८ | समिति /अनुगमन कर्ताको टिप्पणी र सुझाव : | |

नोट :

१. क्र.सं. ९ मा उपभोक्ता समिति वाट कार्यान्वयन भएको योजना भए उपभोक्ता समितिको अध्यक्षको नाम सम्पर्क नम्बर राख्ने , गैरसरकारी संस्था / सामुदायिक संस्थावाट कार्यान्वयन भएको योजना भए सम्वन्धित संस्थाको तर्फवाट तोकिएको सम्पर्क व्यक्तिको

नाम र सम्पर्क नम्बर र निर्माण व्यवसायीवाट कार्यान्वयनको भएको योजना भए सम्वन्धित निर्माण व्यवसायीकको तर्फवाट तोकिएको सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर उल्लेख गर्ने ।

२. क्र.सं १३ वातावरणीय मूल्यांकन गर्नुपर्ने योजना भए सो बमोजिम मूल्यांकन भए नभएको र योजना वाट अन्य सिंचाई ,खानेपानी ,सडक जास्ता स्थानीय सार्वजनिक पूर्वाधार तथा निजी भौतिक पूर्वाधारमा क्षती पुग्न सक्ने अवस्था भए नभएको उल्लेख गर्ने ।

## अनुसूची २

(दफा १२ को उपदफा (३) संग सम्बन्धित )

### पूर्वाधार योजनाको निर्माणधीन अवस्थामा गरिने अनुगमनको क्रममा प्रयोग गरिने ढाँचा

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | अनुगमन गरेको मिति | |
| २ | योजनाको नाम | |
| ३ | योजना शुरु मिति | |
| | योजना सम्पन्न हुनुपर्ने मिति | |
| ४ | भौतिक प्रगति प्रतिशत | |
| | वित्तिय प्रगति प्रतिशत | |
| ५ | सम्झौता रकम | |
| | हाल सम्म भुक्तानी रकम | |
| | भुक्तानी वाँकी रकम | |
| ८ | निर्माण कार्यको अवस्था : | |
| | क.निर्माणस्थलमा आवश्यक निर्माण सामग्रीको उपलब्धता भए नभएको | |
| | ख.उपलब्ध निर्माण सामग्री तोकिएको गुणस्तर बमोजिम भए नभएको | |
| | ग.गुणस्तर परिक्षण भए नभएको र भएको भए सोको नतिजा | |
| | घ.आवश्यक जानशक्तिको प्रयाप्त भए नभएको | |
| | ङ. मेशिनरी औजार र उपकरणको अवस्था | |
| ९ | योजना कार्यान्वयनमा देखिएका अवरोध | |

| | | |
|---|---|---|
| १० | योजना कार्यान्वयनमा सम्झौताका शर्तहरुको पालना : | |
| | क. भएको | |
| | ख.नभएको | |
| ११ | कार्यान्वयन गर्ने निकायको आधिकारीक प्रतिनिधीको धारण र प्रतिवद्धता | |
| १२ | स्थानीय उपभोक्ता /नारीकको धारण र प्रतिकृया : | |
| १३ | सम्लग्न प्राविधिकाको धारण र प्रतिवद्ध | |
| १४ | अघिल्लो अनुगमनको क्रममा दिइएका सुझाव कार्यान्वयनको अवस्था | |
| १५ | समिति /अनुमगनकर्ताको टिप्पणी ,सुझाव र निर्देशन | |

अनुगमन गर्ने पदाधिकारीहरु :

| सि.नं. | पदाधिकारी तथा कर्मचारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

## अनुसूची ३

(दफा १२ को उपदफा (५) सँग सम्वन्धित )

### योजनाको निर्माण कार्य सम्पन्न भएपछि गरिने अन्तिम अनुगमनको क्रममा प्रयोग गरिने अनुगमनका ढाँचा

| क.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | अनुगमन गरको मिति | |
| २ | योजनाको नाम | |
| ३ | योजना निर्माण स्थल . | |
| ४ | वार्ड नं . | |
| ५ | योजना निर्माण शुरु मिति : | |
| ६ | योजना सम्पन्न भएको मिति : | |
| ७ | सम्झौता रकम रु | |
| ८ | हाल सम्मको भुक्तानी | पेस्कि रु<br>रनिङ विल रु |
| ९ | भौतिक प्रगति प्रतिशतमा | |
| १० | योजना कार्यान्वयन तोकिएको गुणस्तर ,लागत र समय अनुरुप सम्पन्न भए नभएको | |
| ११ | योजना कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालना भए नभएको | |
| १२ | उपभोक्ताको लागत सहभातिता /जनसहभागिता को अवस्था | |
| १३ | डिजाइन वा लागत परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतिको अवस्था | |
| १४ | योजना वाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएको | |
| १५ | योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपना | |
| १६ | सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गरे नगरेको | |

| | | |
|---|---|---|
| १७ | उपभोक्ता समिति अन्तरगत रहेको अनगमन समितिको निर्णय तथा सुझाव | |
| १८ | कार्यान्वयन गर्ने निकायको आधिकारीक प्रतिनिधिको धारण र प्रतिवद्धता | |
| १९ | स्थानीय उपभोक्ता ,नागरीकको धारण र प्रतिकृया | |
| २० | अघिल्लो अनुगमनको क्रममा दिइएका सुझावको कार्यान्वयनको अवस्था | |
| २१ | सम्लग्न प्राविधिकको धारण | |
| २२ | अनुगमन कर्ताको टिप्पणी ,सुझाव र निदेशन | |

अनुगमन गर्ने पदाधिकारीहरु :

| सि.नं. | पदाधिकारी तथा कर्मचारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

# अनुसूची ४

## (दफा १३ संग सम्बन्धित )

## चेतनामुलक ,क्षमता अभिवृद्धि र सीप विकास कार्यक्रमको अनुगमन क्रममा प्रयोग गरिने ढाँचा

| अनुगमन गरेको मिति : | | |
|---|---|---|
| १ | कार्यक्रमको नाम : | |
| २ | कार्यक्रम संचालन स्थान : वडा नं. | |
| | स्थान : | |
| ३ | कार्यक्रम शुरु मिति : | |
| | सम्पन्न गर्नुपर्न मिति : | |
| ४ | कार्यक्रमको प्रकृति : | |
| | क. चतनामुलक , | |
| | ख. क्षमता अभिवृद्धि | |
| | ग. सीप विकास | |
| ५ | कार्यक्रमको कुल लागत : रु. | |
| | कार्यालय वाट उपलब्ध हुने रकम रु . | |
| | कार्यान्वियन गर्ने निकायको लागत सहभागिता रु . | |
| | अन्य निकाय वाट प्राप्त सहयोग रु. | |
| | लाभग्राहीको सहभागिता रु. | |

६. जम्मा लाभग्राही संख्या

| महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्राम्हण ,क्षेत्री | मधेशी | मुस्लिम/अल पसंख्यक | फरक क्षमता भएका ( अपांगता) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

| | | |
|---|---|---|
| ७ | लाभग्राहीको नियमित उपस्थिती भए नभएको : | |
| ८ | कार्यक्रम कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालना : | |
| | भएको : | |
| | नभएको : | |

| | | |
|---|---|---|
| ९ | कार्यक्रमको खाका : ( लाभग्राही,कार्यान्वयन तरिका,समय र लागत ) मा परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतको अवस्था : | |
| १० | कार्यक्रम बाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था : | |
| ११ | कार्यक्रममा तोकिए बमोजिमको लागत सहभागिता र सम्झौताका शर्तको पालना भए नभएको : | |
| १२ | योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपना : | |
| १३ | लाभग्राही /नागरिकको धारणा वा प्रतिकृया | |
| १४ | कार्यान्वयन गर्ने निकायको आधिकारीक प्रतिनिधिको धारणा र प्रतिबद्धता : | |
| १५ | वडा समिति वा वडास्तरीय अनुगमन समितिको प्रतिकृया भए : | |
| १६ | अनुगमन कर्ताको टिप्पणी ,सुझाव र निर्देशन | |

अनुगमन गर्ने पदाधिकारीहरु :

| सि.नं. | पदाधिककारी तथा कर्मचारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

## अनुसूची ५

(दफा १४ सँग सम्बन्धित )

स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रमको अनुगमन ढाँचा

अनुगमन गरिएको मिति :

१. कार्यक्रमको नाम :

२. कार्यक्रम संचालन स्थान : वार्ड नं.

३. कार्यक्रम शुरु मिति ..........................सम्पन्न गुर्नपर्ने मिति .................

४. कार्यक्रमको प्रकृति

क. स्वरोजगार तथा उत्पादनमूलक :

ख. उद्यमशीलता प्रवर्द्धन गर्ने :

५. कार्यक्रमको कुल लागत रु ......................कार्यालय वाट उपलव्ध हुने रकम रु .................

कार्यान्वयन गर्ने निकायको लागत सहभागित रु ...........

अन्य निकाय वाट प्राप्त सहयोग रु ........ लाभग्राहीको सहभागिता रु. ...........

६. जम्मा लाभग्राही संख्या :

| महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्राम्हण ,क्षेत्री | मधेशी | मुस्लिम/अल्पसंख्यक | फरक क्षमता भएका ( अपांगता) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

७. कार्यालयबाट सामग्री उपलब्ध गराइएको भएमा

| सामग्रीको विवरण | परिमाण | उपयोगको अवस्था |
|---|---|---|
| | | |
| | | |
| | | |

८. कार्यक्रम कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालना भए /नभएको

९.कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए /नभएको

१०. कार्यक्रममा तोकिए बमोजिमको लागत सहभागिता र सम्झौताका शर्तको पालना भए /नभएको

११. योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपना

१२ लाभग्राही वा नागरिकको धारण वा प्रतिक्रिया

१३ कार्यान्वयन गर्ने निकायको आधिकारीक प्रतिनिधिको धारण र प्रतिवद्धता

१४. वडा समिति वा वडास्तरीय अनुगमन समितिको प्रतिकृया भए ..........

१५. अनुगमनकर्ताको टिप्पणी , सझाव र निर्देशन ......................

अनुगमन गर्ने पदाधिकारीहरु :

| सि.नं. | पदाधिककारी तथा कर्मचारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

प्रमाणीकरण मिति : २०७९।१०।९ गते

राजप्रत्रमा प्रकाशित मिति : २०७९।१०।१०

आज्ञाले

दिलिप कुमार चन्द

निमित्त प्रमुख प्रशासकीय अधिकृत